फोन : ०८३- ५२५३२४
इमेल : pmamp.piu.surkhet@gmail.com
बेभसाइट : piusurkhet.pmamp.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वयन एकाइ, बिरेन्द्रनगर, सुर्खेत

पत्र संख्या :- २०७९/८०
चलानी नं :- ८०

मिति : २०७९/०५/०१

**बिषय : सूचना टाँस गरिदिने सम्बन्धमा।**

श्री नगर कार्यपालिकको कार्यालयहरु (५),
विरेन्द्रनगर, भेरिगंगा, लेकबेशी, गुर्भाकोट, पञ्चपुरी।
श्री गाउँ कार्यपालिकाको कार्यालयहरु (४),
सिम्ता, चिङगाड, बराहताल, चौकुने।

प्रस्तुत बिषयमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, सुर्खेतको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत अदुवा/बेसार, तरकारी तथा मकै जोन तर्फका विभिन्न क्रियाकलापहरु सञ्चालन गर्नको लागि यस कार्यालयबाट मिति २०७८/०५/०१ गते प्रकाशित **कार्यक्रम संचालनको लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना** (पाना ४) यसै पत्र साथ संलग्न राखि पठाइएको हुँदा उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गर्न लगाई सो को जानकारी यस कार्यालयलाई पठाइदिनु हुन अनुरोध छ।

(पुष्पराज पौडेल)
नि. बरिष्ठ कृषि अधिकृत

नि. वरिष्ठ कृषि अधिकृत

इमेल : pmamp.piu.surkhet@gmail.com

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वयन एकाइ, विरेन्द्रनगर, सुर्खेत

### कार्यक्रम संचालनको लागि प्रस्ताव आव्हानको सूचना

**(प्रथम पटक प्रकाशन मिति २०७९/०५/०१ गते)**

**सूचना नं. - २**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, सुर्खेतको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले यस कार्यालयमा सुचीकृत भएका इच्छुक कृषि समूह/सहकारी/समिति/कृषि फर्महरुले आवश्यक कागजात सहित परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची १० बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले ३० दिन (मिति २०७९/०५/३० गते) भित्रमा यस परियोजना कार्यान्वयन एकाइ, सुर्खेतमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र स | जोन | जोन लागू भएको कार्यक्षेत्र |
|---|---|---|
| १ | अदुवा/ वेसार | विरेन्द्रनगर नगरपालिका वडा नं. १४,१५ र १६, भेरीगंगा नगरपालिका वडा नं. १ देखि १३, लेकवेशी नगरपालिका वडा नं. १ देखि १०, गुर्भाकोट नगरपालिका वडा नं. १ देखि १४, चिङ्गाड गाउँपालिका वडा नं. १ देखि ६, सिम्ता गाउँपालिका वडा नं. १ देखि ९, वराहताल गाउँपालिका वडा नं. १ देखि १०, पञ्चपुरी नगरपालिका वडा नं. १ देखि ११ र चौकुने गाउँपालिका वडा नं १ देखि १० सम्म। |
| २ | तरकारी | पञ्चपुरी नगरपालिका वडा नं. २,३,४,५,६,८ र ९<br>वराहताल गाउँपालिका वडा नं. ५,६ र ७<br>चौकुने गाउँपालिका वडा नं ७,८ |
| ३ | मकै | लेकवेशी नगरपालिकाको वडा नं १ देखि १० सम्म,<br>गुर्भाकोट नगरपालिकाको १,२,३,४,९,१०,११,१२,१३ र १४ |

**आबेदन माग गरिएका कार्यक्रमहरुः-**

| क्र. सं | कार्यक्रम/क्रियाकलाप | एकाइ | परिमाण | स्वीकृत बजेट (रु. लाख) | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षालयसँगको साझदारीमा व्यवसायिक कृषि उत्पादन कार्यक्रम | संख्या | २ | १० | व्यवसायिक योजना सहितको प्रस्ताव तथा कम्तिमा २५% लगानी गर्ने विद्यालयको प्रतिबद्धता पत्र र सहभागी हुने कृषि अध्ययनत विद्यार्थीको विबरण पेश गर्नु पर्ने। परियोजनाबाट बढीमा ७५% सम्म अनुदान उपलब्ध गराइने। |
| २ | चक्लाबन्दीमा आधारित खेती मार्फत उत्पादन बृद्धिका लागि सहयोग (Land consolidation/ Crop consolidation/यन्त्र मैत्री गह्रा सुधार) | संख्या | २ | १४ | एकलबाली (बीउ उत्पादन, बहुवर्षिय बाली तथा नगदे बाली) को तोके बमोजिमको क्षेत्र एउटै चक्लामा हुने गरी खेती गरिनु पर्ने। क्रियाकलाप अनुसार परियोजना कार्यान्वयन म्यानुअलमा व्यवस्था भए बमोजिम अनुदान उपलब्ध गराइने। |
| ३ | कस्टम हायरिङ्ग सेन्टर स्थापना सहयोग (ट्याक्टर, रोटाभेटर, सिड ड्रिल मेशिन, थ्रेसर आदी) | वटा | १ | २० | कस्टम हायरिङ्ग सेन्टरमा खरिद गरिने उपकरणहरु, सोको सञ्चालन एवं व्यवस्थापन बिधि तथा लागत सहभागिताको प्रतिबद्दता पत्र सहितको व्यवसायिक योजना समावेश गरी सहकारी संस्थाहरुले मात्र आबेदन दिन सक्ने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| ४ | सिंचाइ पुर्बाधार निर्माण तथा मर्मत सम्भार | संख्या | ३० | ७५ | सिंचाइ कुलो निर्माण तथा मर्मत सम्भार, सिंचाइ पोखरी निर्माण, लिफ्ट सिंचाइ, सोलार सिंचाइ लगायतका सिंचाइ पूर्वाधार निर्माण गर्न इच्छुक संस्थाहरुले आवेदन पेश गर्न सक्ने। |

वरिष्ठ कृषि अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | परियोजनाबाट बढीमा ८५% सम्म अनुदान उपलब्ध गराइने। |
| | तरकारी जोन | | | | |
| ५ | कृषि उपज संकलन केन्द्र निर्माण (कृषक समुह तथा सहकारी मार्फत) | संख्या | १ | ५ | तरकारी उत्पादन, संकलन तथा बजारीकरणमा सलग्न कृषक समुह तथा सहकारीले आबेदन दिन सक्ने। परियोजनाबाट बढीमा ८५% सम्म अनुदान उपलब्ध गराइने। |
| ६ | व्यावसायिक तरकारी उत्पादन कार्यक्रम (२ हेक्टर भन्दा माथि) | संख्या | ४ | ४ | व्यावसाहिक रुपमा २ हेक्टर भन्दा बढी जग्गामा क्लस्टरमा तरकारी खेती गर्नु पर्ने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| ७ | नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढीकरण | पटक | २ | १० | व्यावसायिक रुपमा नर्सरी स्थापना गरी स्थानीय स्रोतकेन्द्रको रुपमा कार्य गर्नु पर्ने। परियोजनाबाट बढीमा ८५% सम्म अनुदान उपलब्ध गराइने। |
| ८ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | २८ | तरकारी खेतीमा आवश्यक पर्ने साना औजार उपकरण, पावरटिलर, मिनिटिलर, खन्ने तथा डयाङ्ग बनाउने मेसीन, झार गोड्ने मेसीन र अन्य आवश्यक उपकरणहरु माग गर्न सकिने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| ९ | तरकारी खेतीमा आवश्यक पोष्ट हार्भेष्ट यन्त्र, औजार तथा साना मेशिनरी सहयोग- (क्रेट, हजारी, डिजिटल तराजु, स्प्रेयर, सिकेचर आदी) | पटक | १ | ७ | उत्पादित तरकारीको प्याकेजिङ्ग, लेवलिङ्ग तथा पोष्ट- हार्भेष्ट क्षति न्युनिकरणका लागि आवश्यक औजार उपकरण, सामग्रीहरु प्रस्ताव गर्न सकिने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| १० | स्थायी प्लास्टिक टनेल निर्माण | संख्या | ४५ | ४९.५ | स्थायी प्लाष्टिक टनेल निर्माण गरी खेती गर्न इच्छुक संस्था/कृषि उद्यमीले आबेदन गर्न सक्ने। क्लष्टरमा टनेल निर्माण गर्ने सोचका आवेदनलाइ प्राथमिकता दिइने। परियोजनाबाट बढीमा ८०% सम्म अनुदान उपलब्ध गराइने। |
| | मकै जोन | | | | |
| ११ | बीउ प्रशोधन तथा भण्डारण केन्द्र निर्माण सहयोग (प्रशोधन मेशिन सहित) | संख्या | २ | २८ | व्यावसायिक रुपमा मकै खेती गरीरहेका एवं मकै बीउ उत्पादन, संकलन तथा बजारीकरणमा संलग्न संस्थाहरुले आबेदन पेश गर्न सक्ने। परियोजनाबाट बढीमा ८५% सम्म अनुदान उपलब्ध गराइने। |
| १२ | बसन्ते मकैको क्षेत्रफल बिस्तार | हेक्टर | ३८ | ५.७ | क्लस्टरमा हुने गरी मकै क्षेत्र बिस्तार गरिनु पर्ने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| १३ | स्वदेशी हाइब्रिड मकै क्षेत्र विस्तार कार्यक्रम | हेक्टर | ५० | १२.५ | क्लस्टरमा हुने गरी स्वदेशी हाइब्रिड मकै क्षेत्र विस्तार गरिनु पर्ने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| १४ | बीज बृद्धि कार्यक्रम (बाली विकास कार्यक्रम) | हेक्टर | १५ | ६ | बिज बृद्धि कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाले निबेदन दिन सक्ने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| १५ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | १४ | मकै खेतीमा आवश्यक पर्ने साना औजार उपकरण, पावरटिलर, मिनिटिलर, मकै भाँच्ने, छोडाउने वा अन्य आवश्यक मेशिन उपकरणहरु माग गर्न सकिने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |

वरिष्ठ कृषि अधिकृत

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वयन एकाइ, विरेन्द्रनगर, सुर्खेत

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | मकै खेतीमा आवश्यक पोष्ट हार्भेष्ट यन्त्र, औजार तथा साना मेशिनरी सहयोग- (कर्न सेलर, त्रिपाल, सिड विन, डिजिटल तराजु, सुपरग्रेन व्याग, स्प्रेयर आदी) | पटक | १ | ५ | मकै खेतीमा आवश्यक पर्ने पोष्ट हार्भेष्ट औजार उपकरण जस्तै कर्न सेलर, त्रिपाल, सिड विन, डिजिटल तराजु, सुपरग्रेन व्याग, स्प्रेयर आदी माग गर्न सकिने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| १७ | मकैको मझौला प्रशोधन केन्द्र (प्रशोधन घर निर्माण, मकैको पिठो च्याख्ला लगायत बनाउने मेशिन, लेभलिङ्ग तथा प्याकेजिङ्ग सहित) स्थापना सहयोग | संख्या | १ | ८ | मकैको प्राथमिक प्रशोधन वा प्रशोधनजन्य उद्योग स्थापना गरी सञ्चालन गर्नु पर्ने। परियोजनाबाट बढीमा ८५% सम्म अनुदान उपलब्ध गराइने। |
| १८ | बीउ प्रशोधनका लागि थ्रेसिङ्ग फ्लोर निर्माण | संख्या | २ | ६ | मकै बीउ उत्पादनमा संलग्न संस्थाले आबेदन दिन सक्ने। परियोजनाबाट बढीमा ८५% सम्म अनुदान उपलब्ध गराइने। |
| | **अदुवा / बेसार जोन** | | | | |
| १९ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | ६ | अदुवा/बेसार खेती गरेको विवरण खुलाई आवश्यक पर्ने साना औजार उपकरण, पावरटिलर, मिनिटिलर, खन्ने, ड्याङ्ग बनाउने वा अन्य आवश्यक मेशिन उपकरणहरु माग गर्न सकिने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| २० | जोन क्षेत्र भित्रको मध्यवर्ति क्षेत्र भित्र अदुवा/वेसार उत्पादन कार्यक्रम | संख्या | ३ | ९ | परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने।. |
| २१ | Agroforestry(फलफूल बगैचा भित्र) अदुवा/वेसार उत्पादन कार्यक्रम | संख्या | ३ | ६ | परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| २२ | शुन्य शक्ति भण्डारण निर्माण | संख्या | २ | ४ | व्यावसायिक रुपमा अदुवा/बेसार उत्पादन, संकलन तथा भण्डारण गर्न इच्छुक संस्थाले आबेदन दिन सक्ने। परियोजनाबाट बढीमा ८५% सम्म अनुदान उपलब्ध गराइने। |
| २३ | अदुवा/ बेसार सुकाउने इलेक्ट्रिक ड्रायर | संख्या | १ | ३ | व्यावसायिक रुपमा अदुवा/बेसार उत्पादन वा संकलन गरि प्रशोधन व्यवसाय संचालनमा ल्याउन इच्छुक संस्थाले आबेदन दिन सक्ने। परियोजनाबाट बढीमा ८५% सम्म अनुदान उपलब्ध गराइने। |
| २४ | अदुवा Cleaning floor निर्माण | संख्या | २ | ६ | व्यावसायिक रुपमा अदुवा/बेसार उत्पादन, संकलन तथा बजारीकरण गरिरहेका इच्छुक संस्थाले आबेदन दिन सक्ने। परियोजनाबाट बढीमा ८५% सम्म अनुदान उपलब्ध गराइने। |
| २५ | प्याकेजिङ्ग लेबिलिङ्ग तथा पोष्ट हार्भेष्ट क्षति न्युनिकरण | पटक | १ | ५ | प्याकेजिङ्ग, लेवलिङ्ग तथा पोष्ट- हार्भेष्ट क्षति न्युनिकरणका लागि आवश्यक औजार उपकरण, सामग्रीहरु प्रस्ताव गर्न सकिने। परियोजनाबाट बढीमा ५०% सम्म अनुदान उपलब्ध गराइने। |
| २६ | कृषि उपज संकलन केन्द्र निर्माण सहयोग | संख्या | १ | ५ | अदुवा बेसार सकलन तथा बजारीकरणमा संलग्न संस्थाले आबेदन दिन सक्ने। परियोजनाबाट बढीमा ८५% सम्म अनुदान उपलब्ध गराइने। |

**आबेदन साथ अनिबार्य पेश गर्नुपर्ने कागजातहरु**

(१) सम्बन्धित निकायमा कृषि समूह/सहकारी/समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

(२) कार्यक्रम सञ्चालन हुने /पूर्वाधार निर्माण गरिने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा।

(३) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

(४) आबेदक कृषि समूह/सहकारी/समिति/कृषि फर्महरुको स्थायी लेखा नम्बर र कर चुक्ता पत्र प्रमाणपत्र।

(५) प्रस्ताव गरिएका कार्यक्रमहरुको व्यावसायिक योजना।

नि. वरिष्ठ कृषि अधिकृत

फोन : ०८३-५२५३२४
इमेल : pmamp.piu.surkhet@gmail.com

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वयन एकाइ, विरेन्द्रनगर, सुर्खेत

(६) कृषक समुह/सहकारी संस्थाको हकमा प्रस्ताव पेश गर्ने सम्बन्धी आधिकारीक निर्णयको प्रतिलिपि।
(७) स्थानीय तहबाट लागत सहभागिता गरिने भएमा सम्बन्धित स्थानीय तहको जानकारी पत्र।

**परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची १० बमोजिमको ढाँचाको आबेदन फारम प्राप्त गर्न तथा थप जानकारी आवश्यक भएमा निम्न ठेगानामा सम्पर्क गर्नु होला ।**

सम्पर्क ठेगाना
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, बिरेन्द्रनगर, सुर्खेत।
Website: piusurkhet.pmamp.gov.np
फोन नं ०८३-५२५३२४
कृषि प्राविधिकहरु विर बहादुर राना (मो नं. ९८५८०७२४७२) / कविता शाही (मो नं. ९८६६६५५२७६)/ मिना कुमारी थापा (मो नं ९८५८०४२५२२)

निः वरिष्ठ कृषि अधिकृत